बैठक नं.१८

आज मिति २०८३/०३/२३ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ४:१५ बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

**उपस्थिति**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्बर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | दीपक ज्ञवाली | प्रमुख प्रशासकीय अधिकृत | |

आई प्रसाद राई - का॰ वा॰ वडाध्यक्ष -१

कुमारी देवी दर्लामी - का॰ वा॰ वडाध्यक्ष - २

भरत कुमार ओझा - का॰ वा॰ वडाध्यक्ष - ४

प्रस्ताव नं १८.१
मिति २०८३/०३/०९ मा बसेको नगरकार्यपालिकाको १७ औं बैठकबाट पारित भएका निर्णयहरुको समीक्षा सम्बन्धमा ।

निर्णय नं १८.१

- आ.व.२०८३/०८४ का लागि आम्दानी र खर्च (आय व्यय) को अनुमान बजेट माथि छलफल गरी रु. ३ अरव ८५ करोड बराबरको बजेट मिति २०८३।०३।१० गते दिनको १.०० बजे वस्ने नगरसभाको १९ औं अधिवेशनको तेस्रो वैठकमा पेश गर्ने गरी निर्णय लिईएको र सोही बमोजिम सभामा टेवुल भएको छ ।
- एकल महिला अक्षयकोष स्थापना तथा संचालन निर्देशिका, २०८३ स्वीकृत गरी स्थानीय राजपत्रमा समेत प्रकाशित भइसकेको छ ।
- प्राइभेट फर्म दर्ता एवं नवीकरण सम्वन्धी कार्यविधि, २०७७ (प्रथम संशोधन) माथि संशोधन गरी स्थानीय राजपत्रमा समेत प्रकाशन भइसकेको छ ।
- प्राकृतिक स्रोत व्यवस्थापन सम्वन्धी ऐन, २०८१ (तेस्रो संशोधन) माथि संशोधनका लागि नगरसभाको १९ औं अधिवेशनको तेस्रो वैठकमा संशोधन प्रस्ताव पेश गर्ने गरी निर्णय लिईएको र सभामा संशोधन प्रस्ताव टेवुल समेत भएको छ ।
- स्थानीय सवारी साधन व्यवस्थापन तथा नियमन सम्वन्धी ऐन, २०८२ (दोस्रो संशोधन) माथि संशोधनका लागि नगरसभाको १९ औं अधिवेशनको तेस्रो वैठकमा संशोधन प्रस्ताव पेश गर्ने गरी निर्णय लिईएको र सभामा संशोधन प्रस्ताव टेबुल समेत भएको छ ।
- अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको विधेयक, (आर्थिक विधेयक) २०८३ नगरसभाको १९ औं अधिवेशनको तेस्रो वैठकमा छलफलका लागि पेश गर्ने गरी निर्णय लिईएको र सोही बमोजिम नगरसभामा टेबुल समेत भएको छ ।
- खर्च सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको विधेयक, (विनियोजन विधेयक) २०८३ नगर सभाको १९ औं अधिवेशनको तेस्रो वैठकमा छलफलका लागि पेश गर्ने गरी निर्णय लिईएको र सोही बमोजिम नगरसभामा टेबुल समेत भएको छ ।
- शिक्षक अनुदान कोटाका सम्वन्धमा आवश्यक निर्णय लिईएको छ ।
- नगर शिक्षा समितिबाट भएका निर्णयहरुको सम्वन्धमा आवश्यक निर्णय लिईएको छ ।
- पन्त निर्माण सेवा बुटवल- ६ का सम्वन्धमा आवश्यक निर्णय लिईएको छ ।
- कवाडीजन्य सामग्री संकलन तथा निकासीको आय ठेक्काका लागि वार्षिक न्यूनतम ठेक्का अंक निर्धारण सम्वन्धमा आवश्यक निर्णय लिईएको छ ।
- आ.व. २०८३/०८४ को लागि जग्गाको न्यूनतम मूल्याङ्कन कायम गर्ने गरी आवश्यक निर्णय लिईएको छ ।

- बुटवल उपमहानगरपालिका वडा नं २ स्थित उजिरसिंह मा.वि. का सटर नं. २, ३ र ४ का कोठाहरुको न्यूनतम मासिक बहाल रकम कायम गर्ने गरी निर्णय लिईएको छ ।
- डेल्टा एजुकेशन मार्टले बुझाउनु पर्ने सम्पत्ति करका सम्वन्धमा आवश्यक निर्णय लिइएको छ ।
- सरकारी र सार्वजनिक जग्गामा वनेका भवन संरचनाहरुको सम्वन्धमा आवश्यक निर्णय लिईएको छ ।

प्रस्ताव नं. १८.२

भु-उपयोग योजना स्वीकृत सम्वन्धमा ।

निर्णय नं १८.२

बुटवल उपमहानगरपालिका क्षेत्र भित्र रहेका जग्गाहरुको भु-उपयोग नीति २०७२, भू-उपयोग ऐन, २०७६, भू-उपयोग नियमावली, २०७९ (तेस्रो संशोधन २०८२), भु-उपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८१ मा भएको व्यवस्था अनुसारको आवश्यक प्रकिया पुरा गरी बुटवल उपमहानगरपालिकाको भू-उपयोग परिषद्बाट मिति २०८३/०३/२३ मा स्वीकृत भएको भू-उपयोग वर्गीकरण मापदण्ड सहितको भू-उपयोग वर्गीकरण योजना २०८२/०८३ अनुमोदन गरी कार्यान्वयनको लागि सम्बन्धित निकायहरुमा पठाउने निर्णय गरियो ।

प्रस्ताव नं १८.३

मिति २०८३।०१।३१ मा वसेको नगरकार्यपालिकाको वैठकबाट गठित कार्यदलबाट पेश हुन आएका प्रतिवेदनका सम्बन्धमा ।

निर्णय नं १८.३

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकको मिति २०८३।०१।३१ मा वसेको १३ औं वैठकको निर्णय नं. १३.८.१ बाट गठित कार्यदलहरु मध्ये लोकनाथ न्यौपाने, वडाध्यक्ष वडा नं. ६, संयोजक रहेको कार्यदलले दिएको द.नं. १७५३७, प्रदिप कुमार श्रेष्ठ, वडाध्यक्ष वडा नं. ९, संयोजक रहेको कार्यदलले दिएको द.नं. १७५३८, नरिश्वर शर्मा वडाध्यक्ष, वडा नं. ४, संयोजक रहेको कार्यदलले दिएको द.नं. १७५४०, रामचन्द्र क्षेत्री, वडाध्यक्ष, वडा नं. ११ संयोजक रहेको कार्यदलले दिएको द.नं. १७५३९ र यज्ञ प्रसाद पंगेनी , वडाध्यक्ष, वडा नं. ८, संयोजक रहेको कार्यदलले दिएको द.नं. १६१४१ सहितका प्रतिवेदनहरु आजको वैठकमा प्रस्तुत भइ छलफल गरियो । प्रस्तुत प्रतिवेदनले औंल्याए बमोजिम गर्ने निर्णय गरियो ।

प्रस्ताव नं १८.४

बुटवल- ११ मजुवा स्थित फोहोर व्यवस्थापनस्थलका अति प्रभावित १३६ परिवारका व्यक्तिको निशुल्क स्वास्थ्य विमा गरिदिने सम्वन्धमा ।

निर्णय नं १८.४

बुटवल उपमहानगरपालिका वडा नं. ११ मजुवा स्थित अस्थायी फोहोर व्यवस्थापनस्थल क्षेत्रमा वसोवास गर्ने अति प्रभावित परिवारहरुलाई चालु आ.व. २०८२/०८३ को बजेट सि.न. ७२६ हालको अस्थायी फोहोर प्रशोधन केन्द्र प्रभावित क्षेत्रमा स्वास्थ्य शिविर संचालन एंव स्वास्थ्य विमा कार्यक्रममध्येबाट खर्च हुने गरी गरिएको स्वास्थ्य विमा सम्वन्धी मिति २०८३।०३।१८ को नगरप्रमुखस्तरीय निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं १८.५

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सम्वन्धमा ।

निर्णय नं १८.५

हाल सञ्चालनमा रहेको सुरक्षित वैदेशिक रोजगारी सम्वन्धी सेवाहरु (आप्रवासी स्रोत उप केन्द्र, सूचना तथा परामर्श, वित्तीय साक्षरता, निशुल्क कानूनी सहायता, सीपमा सहजीकरण, समुदाय सचेतना) लाई संस्थागत तथा एकीकृत गरी संस्थागत रुपमा सञ्चालन गर्न यस पालिकाको श्रम तथा रोजगार प्रवर्द्धन शाखा मातहत सञ्चालन गर्ने साथै मनोसामाजिक परामर्श सेवालाई वैदेशिक रोजगारको अलावा घरेलु हिंसा, प्रकोप/विपद् लगायतको समस्यामा समेत उपलब्ध हुने व्यवस्था गर्दै स्वास्थ्य शाखा मातहत सञ्चालन गर्ने र सेवा प्रवाहको लागि खटिने कर्मचारीहरुको कार्यप्रगति प्रतिवेदन सम्वन्धित फोकल पर्सनलाई पेश गर्ने । साथै कार्य सम्पादन तथा सेवा प्रवाहको अनुगमन सम्वन्धित शाखा र यस पालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिद्धारा हुने व्यवस्था गर्ने । साथै वैदेशिक रोजगारी सम्वन्धी वतमान अवस्थाको विश्लेषण गर्दा क्षेत्रलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउदै वैदेशिक रोजगारवाट प्राप्त लाभको वृद्धि गरी सामाजिक लागत न्यूनीकरण तर्फ जोड दिने र ३ वटै सरकारको साझेदारीमा वैदेशिक रोजगारी सम्वन्धी न्यूनतम सेवाहरुलाई संस्थागत रुपमा सञ्चालन गर्न आवश्यक श्रोत व्यवस्थापन गरी सञ्चालन तथा व्यवस्थापन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १८.६ : विविध ।**

**प्रस्ताव नं १८.६.१**

नदीजन्य पदार्थको उत्खनन् र संकलन सम्वन्धी कार्ययोजना स्वीकृत सम्बन्धमा ।

**निर्णय नं १८.६.१**

वुटवल उपमहानगरपालिका नगरक्षेत्रभित्र बग्ने नदी/खोलाघाट क्षेत्रको नगरकार्यपालिकाबाट विभिन्न मितिमा नदीको नदीजन्य पदार्थको उत्खनन् एवम् संकलन सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन( IEE )कमश: २०८२।१०।१४, ०८३।१।२, १।२० र ३।१७ मा स्वीकृत भएको । साथै सोही ऐनको दफा ३ तथा नेपाल सरकारद्धारा जारी ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा १(क) बमोजिम चालु आ.व. २०८२/०८३ को नदीजन्य पदार्थको उत्खनन् र संकलन सम्वन्धी कार्ययोजना, नगरकार्यपालिकाको मिति २०८३।०१।२० र २०८३।०२।१८ गतेको वैठकवाट स्वीकृत भई सोही अनुरुप नदीजन्य पदार्थको उत्खनन् तथा विकीका लागि देहाय वमोजिमको निर्णय/प्रकिया अवलम्वन गरिएकोमा कार्यान्वयन हुन नसकेकोले आगामी आर्थिक वर्षको कार्ययोजनामा समावेश गर्ने निर्णय गरियो ।

**बुटवल उपमहानगरपालिका नगरकार्यपालिको कार्यालयबाट आ.व. २०८२/०८३ मा नदीजन्य पदार्थको उत्खनन्, सकलन, घाटगद्दी तथा विक्री कार्यको लागि IEE र कार्ययोजना स्वीकृत भई आय ठेक्का वा विक्री नभएका नदीघाटहरुको विवरण**

| सि.नं | नदी तथा खोलाको नाम | उत्खनन् संकलन गरिने घाटको नाम | घाट रहेको स्थल | घनफिट | उत्खनन् तथा विकीका लागि भएको निर्णय/प्रकिया विवरण |
|---|---|---|---|---|---|
| १ | बमाहा खोला चुरे [illegible] | बुटवल १२र सैनामैना १ सिमानाको बमाहा खोला क्षेत्र १ | वुटवल १२ | ५०६२९२.७ | चुरे संरक्षण क्षेत्र भित्र पर्ने भएकोले सिफारिस सहमतिको लागि च.नं. १९७३ मिति २०८२।११।११ मा जिससमा अनुरोध गरी पठाइएकोमा हालसम्म सहमति प्राप्त नभएकोले कार्यान्वयन नभएको । |
| | | बुटवल १२र सैनामैना १ सिमानाको बमाहा खोला क्षेत्र २ | वुटवल १२ | ६५०१३९ | „ „ „ „ |
| | | बुटवल १२र सैनामैना १ सिमानाको बमाहा खोला क्षेत्र ३ | वुटवल १२ | ३०१८६३.६ | „ „ „ |
| | | बुटवल १२र सैनामैना १ सिमानाको बमाहा | वुटवल १२ | २३६३३९.४ | „ „ „ „ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | खोला क्षेत्र ४ | | | |
| | | बुद्धनगर घाट (T1 ) | बुटवल ११ | १११२३९१ | IEE स्वीकृत भई च.नं ३२२४ मिति २०८३।१।२३ मा जिल्ला विपद् व्य. समितिमा पठाईएकोमा निर्णय नभएकोले यस चालु आ.व. मा कार्यान्वियन नहुने । **विपद्** |
| २ | तिनाउ नदी | रानीगञ्ज घाट (T3 ) | बुटवल ११ र १७ | ३४०५८ घ.मि. | IEE स्वीकृत भई च.नं ३२२४ मिति २०८३।१।२३ मा जिल्ला विपद् व्य. समितिमा पठाईएकोमा निर्णय नभएकोले यस चालु आ.व. मा कार्यान्वियन नहुने । **विपद्** |
| | | **प्रगतिनगर देखि एन्फासम्म मगरघाट पुलको उत्तर** | बुटवल ११ र १७ | ९२६९९२.५ | IEE स्वीकृत भई च.नं ३२२४ मिति २०८३।१।२३ मा जिल्ला विपद् व्य. समितिमा पठाईएकोमा निर्णय नभएकोले यस चालु आ.व. मा कार्यान्वियन नहुने । **विपद्** |
| | | डुगाम साइट घाट (D1 ) | बुटवल ११ र २ | १९५६०७.८ | IEE स्वीकृत भई च.नं ३२२४ मिति २०८३।१।२३ मा जिल्ला विपद व्य. समितिमा पठाईएकोमा निर्णय नभएकोले यस चालु आ.व. मा कार्यान्वियन नहुने । **विपद्** |
| | | मोलुङ्ग पुल घाट - (D2 ) | बुटवल ११ र १३ | २६१४११.९ | विपद् |
| | | द्रोणनगर घाट - (D4 ) | बुटवल १२ र १४ | १४८३१८.८ | विपद् |
| | | उर्जेलिपुर घाट - (D5 ) | बुटवल १२ र १५ | १४८३१८.८ | IEE स्वीकृत भई संवेदनशिल क्षेत्र भनी च.नं. १६६४ मिति २०८२।१२।१८ मा वडाबाट हाल ठेक्का नगर्न लेखी आए बमोजिम कार्यान्वयन नभएको । |
| ३ | दानव नदी | ढवाहा घाट - (D6 ) | बुटवल १२ र १५ | ३३३७१७.३ | विपद् |
| | | प्रदेश जनस्वास्थ्य प्रयोगशाला घाट (D7 ) | बुटवल १२ र १५ | २२२४७.८२ | IEE प्रतिवेदन बमोजिम परिमाण कम भएकोले ठे. बन्दोवस्त नगरिएको । |
| | | नामनगर पुल घाट D8 | बुटवल १२ र १५ | २३१७४८.१ | विपद् |
| | | श्री मण्डी घाट - ( D9 ) | बुटवल १५ र १६ | ४९४३९.६ | IEE प्रतिवेदन बमोजिम परिमाण कम भएकोले ठे. बन्दोवस्त नगरिएको। |
| ४ | तिनाउ नदी | डिंगरनगर हरिहरपुर उत्तर क्षेत्र | बुटवल १७ र तिलोत्तमा ०४ (संयुक्त क्षेत्र) | १२०३७२४ | तिनपाबाट **प्राविधिक प्रतिवेदन** स्वीकृत गरी यस न पाबाट समेत स्वीकृत भई जिल्ला विपद व्य. समितिबाट स्वीकृत पश्चात बुउमनपाले कार्यान्वयन गर्नो **विपद्** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | डिंगरनगर/हरिहरपुर दक्षिण क्षेत्र | बुटवल १७ र तिलोत्तमा ०४ र ०६ (संयुक्त क्षेत्र) | ७१२१०३ | तिनपाबाट प्राविधिक प्रतिवेदन स्वीकृत गरी यस न पाबाट समेत स्वीकृत भई जिल्ला विपद समितिबाट स्वीकृत पश्चात बुउमनपाले कार्यान्वयन गर्नो विपद् |
| | | मुक्तिघाटक्षेत्र-०१, सैनामैना | सैनामैना | ५०६६०३.६५ | पुलक्षेत्र (विपद्) |
| | | मुक्ति घाट क्षेत्र-०२, बुटवल | बुटवल | ४४८७६६.५ | पुलक्षेत्र (विपद्) |
| | | मुक्ति घाट क्षेत्र-०३, सैनामैना | सैनामैना | ६७२६६२.७६ | पुलक्षेत्र (विपद्) |
| | | दोघाट क्षेत्र-०४, बुटवल | बुटवल | २५४४६३.८९ | पुलक्षेत्र (विपद्) |
| | | इट्टा पारि डाँडा, क्षेत्र-०५, बुटवल | बुटवल | ४९८५०९.८३ | बुटवल गोरुसिंगे चन्द्रौटा सडक योजनाका लागि नदीजन्य पदार्थ उपलब्ध गराउने निर्णय भइ सम्झौताका लागि च.नं. ३८०१ मिति २०८३।०२।१८मा पत्राचार गरिएकोमा रेट बढी भएको भनी नलैजाने जानकारी प्राप्त भएकोले । (नियमित क्षेत्र) |
| ५ | दान्व खोला | इट्टा पारि डाँडा, क्षेत्र-०६, सैनामैना | सैनामैना | ३०९३६३.६३ | बुटवल गोरुसिंगे चन्द्रौटा सडक योजनाका लागि नदीजन्य पदार्थ उपलब्ध गराउने निर्णय भइ सम्झौताका लागि च.न. ३८०१ मिति २०८३।०२।१८मा पत्राचार गरिएकोमा रेट बढी भएको भनी नलैजाने जानकारी प्राप्त भएकोले । (नियमित क्षेत्र) |
| | | उपल्लो भाठा क्षेत्र-०७, बुटवल | बुटवल | ४४३७३३ | बुटवल गोरुसिंगे चन्द्रौटा सडक योजनाका लागि नदीजन्य पदार्थ उपलब्ध गराउने निर्णय भइ सम्झौताका लागि च.न. ३८०१ मिति २०८३।०२।१८मा पत्राचार गरिएकोमा रेट बढी भएको भनी नलैजाने जानकारी प्राप्त भएकोले । (नियमित क्षेत्र) |
| | | लिखिहवा घाट,क्षेत्र-०८, सैनामैना | सैनामैना | ३०३५३५.८५ | बुटवल गोरुसिंगे चन्द्रौटा सडक योजनाका लागि नदीजन्य पदार्थ उपलब्ध गराउने निर्णय भइ सम्झौताका लागि च.न ३८०१ मिति २०८३।०२।१८मा पत्राचार गरिएकोमा रेट बढी भएको भनी नलैजाने जानकारी प्राप्त भएकोले । (नियमित क्षेत्र) |

| | | | | |
|---|---|---|---|---|
| | खैरिहवा घाट क्षेत्र-०९, सैनामैना | सैनामैना | ४५३२९३.५२ | बुटवल गोरुसिंगे चन्द्रौटा सडक योजनाका लागि नदीजन्य पदार्थ उपलब्ध गराउने निर्णय भइ सम्फौताका लागि च.नं. ३८०१ मिति २०८३।०२।१८मा पत्राचार गरिएकोमा रेट बढी भएको भनी नलैजाने जानकारी प्राप्त भएकोले । (नियमित क्षेत्र) |
| | पिकनिक क्षेत्र घाट, क्षेत्र-१०, बुटवल | बुटवल | ३१७९९२.९७ | सडक डिभिजन बुटवल अन्तर्गत चौराहा चिडियाखोला सडक स्तरोन्नतीका लागि नदीजन्य पदार्थ उपलब्ध गराउने निर्णय भइ सम्फौताका लागि च.नं. ३८०३ मिति २०८३।०२।१८मा पत्राचार गरिएकोमा नलैजाने जानकारी प्राप्त भएकोले । (नियमित क्षेत्र) |
| | कुर्साघाट क्षेत्र-११, बुटवल | बुटवल | २२५१०८.८६ | सडक डिभिजन बुटवल अन्तर्गत चौराहा चिडियाखोला सडक स्तरोन्नतीका लागि नदीजन्य पदार्थ उपलब्ध गराउने निर्णय भइ सम्फौताका लागि च.नं. ३८०३ मिति २०८३।०२।१८मा पत्राचार गरिएकोमा नलैजाने जानकारी प्राप्त भएकोले । (नियमित क्षेत्र) |

प्रस्ताव नं .१८.६.२

आचार संहिताको पालना सम्बन्धमा ।

नि नं. १८.६.२

बुटवल उपमहानगरपालिकामा वहाल रहेका कर्मचारीहरुले प्रचलित कानून र आचार सहिंताको पूर्ण रुपमा परिपालना गर्दै पहुँचको आधारमा एकाघरका परिवारका सदस्यको नाममा रहेका फर्म, संस्थाका लागि वजेट विनियोजन गराई आफू प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहभागी भई वजेट कार्यान्वयनमा सहभागी हुने प्रचलन देखिएको हुँदा त्यस्ता गतिविधिहरु एवं क्रियाकलापहरुलाई निरुत्साहित गरी कार्यान्वयनमा रोक लगाउने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिंदै नगरप्रमुखज्यूबाट वैठक समाप्त भएको जानकारी गराउनु भयो ।